
# मोशा






Genesis 46:5-7; Exodus 1:1-12, 22


तर आमा, सिपाही र छिमेकीहरूले हाम्रो बच्चा खै भनेर सोधे भने मैले के भन्ने ?
तिमीले सत्य कुरा भन्ने त हो नि । उसको आफ्नै आमाले नदीमा फ्याल्यो भने पछि सिपाहीहरूले केही गर्दैनन् ।
झण्डै १५२५ ख्री.पू.
आमा, यो पक्का चुहिँदैन त ?
यो अलकत्राले लेपिएको छ, त्यसैले यो तैरन्छ ।
के हामीले भाइलाई फेरि देख्न नपाउने भयौं अब ? दुष्ट मिश्रीहरू !
परमेश्वरले उसलाई सुरक्षा गर्नुहुनेछ । तिमी सँगसँगै गएर निगरानी राख ।
फारोकी छोरी नदीमा नुहाउन आई ।
हेर त ! त्यो टोकरीबाट बच्चा रोइरहेको आवाज आइरहेको छ ।
ओहो ! कति सुन्दर बालक ।
यो त, हिब्रूको बच्चा जस्तै छ ।
बच्चा भोकाएको जस्तो छ ।
यसलाई स्याहार्ने एउटा धाई पाए म यसलाई आफैसित राख्ने थिएँ ।
हिब्रूको बच्चाहरूलाई स्याहार्ने कोही धाई पाइएला नि । यो फुच्चीलाई थाहा छ कि ?
यसलाई स्याहार्ने मान्छे म खोजेर ल्याउँछु । म एकजनालाई चिन्छु जसको बच्चालाई नदीमा फालिएको थियो । उसको अझै दूध आउँछ ।

प्रस्थान २:३-९


यो मैले के गरूँ ? के म मेरो बच्चालाई फेरि देख्न पाउँला ? के परमेश्वरले हेर्नुहोला र ?
तिमीसित अर्को कुनै बाटो पनि त थिएन । यसलाई सधैँभरि तिमीले लुकाउन सक्तैनथ्यौ । ढिलो चाँडो सिपाहीहरूले उसलाई भेट्टाएर मार्ने थिए । तिमीले परमेश्वरमाथि भरोसा राखिरहनुपर्छ ।
आमा, आमा !
आमा, फाराेकी छोरी नदीमा आएकी थिईं र उसले हाम्रो भाइलाई भेट्टाएकी छ । उसले हाम्रो भाइलाई आफ्नै छोरा बनाउने अरे, त्यसैले उसलाई स्याहार्ने धाई खोज्दैछिन् । उनी अहिले यतै आउँदैछिन् ।
अनन्त परमेश्वर धन्यका होऊन् ।
तिमीले आफ्नो छोरा गुमाएकी छौ भन्ने मैले सुनेँ । मैले यसलाई नदीमा भेट्टाएको हुँ । यसलाई स्याहार गरेबापत म तिमीलाई तलब दिनेछु ।
उसलाई दूध छोडाइएपछि म आउनेछु र उसलाई मिश्रको फाराे बनाउन दरबारमा हुर्काउनेछु । हामी उसलाई मोशा भनी बोलाउनेछौँ ।
मोशालाई हुर्काउने क्रममा, उनले उसलाई आफ्ना पिताहरूको साँचो परमेश्वरको बारेमा सिकाइन् । यो सानो बालकको जीवनमा परमेश्वरको विशेष योजना थियो ।
सानो राजकुमार सवारी होस् । हामी दरबारतर्फ प्रस्थान गर्दैछौँ ।
यिनीहरू कति छिटो दौड्न सक्छन् ?
मोशालाई स्याहारेकोमा धन्यवाद । ऊ निकै तन्दुरुस्त देखिन्छ । अब ऊ निकै धनी र शक्तिशाली हुनेछ ।


फाराओकी छोरीले धर्मपुत्र तुल्याएका मोशा मिश्रका एक महान् व्यक्तिको रुपमा हुर्कन लागे। धनी र शक्तिशाली हुने मोशाको नियति भएतापनि उनले आफ्नो कुल बिर्सेका थिएनन्।
अब्राहाम, इसहाक र याकूब हाम्रा पिताहरूका परमेश्वरले अब्राहामलाई उहाँको सन्तान बढ्नेछन् र उनीहरू एउटा पराई देशमा परदेशी भएर रहनेछन् भनी भन्नुभएको थियो। त्यसैले आज हामी यहाँ छौँ।
उहाँले अब्राहामलाई हामीहरू ४०० वर्षसम्म त्यस पराई देशमा कष्ट भोग्नेछौँ भनी भन्नुभएको थियो।
उहाँले अब्राहामलाई यो पनि भन्नुभएको थियो कि उहाँले हामीप्रति गरिएको खराबीको बदलामा त्यो देशलाई न्याय गर्नुहुनेछ र हामी धेरै धनसम्पत्तिको साथमा हाम्रा पिताहरूको देशमा फर्किनेछौँ।
यो त पत्याउनै गाह्रो छ। फाराओले आफ्ना सबै दासहरूलाई कहिल्यै जान दिनेछैन र धनसम्पत्तिको साथमा त झन् कहिल्यै जान दिनेछैन।
इस्राएलीहरूले तिनीहरूका मालिकहरूको शासनमुनि निकै कष्ट सहे। तिनीहरूले निकै कष्टका साथ ईँटा बनाउने काम गर्थे। तिनीहरूले कष्ट भोगेको मोशाले देख्न सकेनन्, त्यसैले उनले केही गर्ने निर्णय गरे।
उठ, हे सुँगुरहरू हो!
चुटाइ खाएर मर्नु छैन भने छिटो उठ।
एबेर, उठ।



एकदिन एउटा मिश्रीले एउटा हिब्रूलाई निर्दयतापूर्वक पिटिरहेको मोशाले देखे ।
हाम्रो छुटकाराको समय आइपुग्यो । यो सबै अब रोकिनुपर्छ ।
ड्याङ् !
यो भन्दा बढी होइन !
मोशाले मिश्रीलाई मारे र त्यसको लाशलाई गाडे तर कसैले त्यो देखेर फाराोकहाँ खबर पुऱ्याइदिए ।
हे ! प्रभु, यो मैले के गरेँ ?
पर्ख, तिमीले गरेको हत्याको लागि तिमी अदालतसामु खडा हुनुपर्छ ।
मोशाले गरेको हो !
झण्डै १४९१ ख्री.पू.
मोशाले मिश्र छोडे र उजाडस्थानतिर भागे । परिवार र साथीरहित उनी एक्लै थिए । उनले आफ्ना मानिसहरूलाई छुटकारा दिलाउन सकेनन् । उनले आफैलाई पनि छुटकारा दिलाउन सकेनन् ।




प्रस्थान २:१६–३:१०




प्रस्थान ४:१-४, १२-१६


१४४५ ख्री.पू.
चालीस वर्ष भैसक्यो। मेरो विगतलाई जान्ने सबै मानिसहरू मरिसकेका छन्। मलाई कसैले चिन्नेछैनन्।
तिमी मिश्रमा त फर्कँदैछौ तर तिमीलाई मार्न खोज्ने त्यहाँ धेरै छन् नि।
त्यहाँ कति दिन रहने हो र?
फारोले हाम्रा मानिसहरूलाई जान नदिएसम्म।
सबै बूढप्रधानहरूलाई बोलाइपठाऊ। छुटकाराको समय आएको छ।
तिनीहरू चाहिँ को हुन् नि?
हारुन लेवी। अर्को चाहिँ हामी जस्तै देखिन्छ तर ऊ चाहिँ दास होइन।
झण्डै ८० वर्ष पहिले फारोले सबै बच्चाहरूलाई मारेको घटनाको समयतिर मोशा जन्मेका थिए। उनकी आमाले उसलाई टोकरीमा लुकाएर नदीमा बगाइदिएकी थिइन्। परमेश्वरको पूर्वयोजनाद्धारा नै फारोकी छोरीले मोशालाई भेट्टाइन् र उनी मिश्री भएर हुर्केका थिए।
हे, इस्राएलका सबै बूढप्रधानहरू, नजिकै आउनुहोस्।
चालीस वर्ष अगाडि मोशाले निर्णय गरेका थिए कि उनी एक मिश्रीको रुपमा राज्य गर्नुभन्दा बरू आफ्ना मानिसहरूसित दु:ख भोग्नेछन्। उनले आफ्नै बलबुताद्धारा हामीलाई छुटकारा दिलाउन खोजे तर असफल भए। विगत ४० वर्षदेखि उनी यस देशको उजाडस्थानमा बस्दै आइरहेका छन्। जुन देश परमेश्वरले हाम्रा पिताहरूलाई दिनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो। भर्खरै परमेश्वरले उहाँसित बोल्नुभएको छ र हामीलाई कसरी छुटकारा दिने हो, सो देखाउनुभएको छ। अब, फारोलाई विश्वस्त गर्न उनले देखाउने चिह्न हरू उनले हामीलाई देखाउनेछन्।


अब्राहामका परमेश्वरले बलिरहेको झाडीबाट मसित बोल्नुभयो र तपाईंका पिताहरूको देशमा फर्काउन मलाई पठाउनुभएको छ। चिह्न यस्तो छ :
याइक्स! उनको सर्प लौरोमा परिवर्तन भयो।
नडराऊ।
हेर्नुहोस् है।
परमेश्वरले छुटकाराकर्ता पठाउनुभएको छ।
हो, फारोले अब देख्नेछ।
यो त आश्चर्यकर्म हो!
लौ अब हामी फारोकहाँ जानेछौं!
अब्राहामका परमेश्वर!

प्रस्थान ४:१७,३०


यो ठाउँ मैले छोडेको ४० वर्ष भइसक्यो, अझै केही बद्लाव भएको रहेनछ । मैले भर्खरै भनेको कुरा भन्न नबिर्स ।
इस्राएलका परमेश्वरले मोशासित बोल्नुभएको छ । परमेश्वर भन्नुहुन्छ कि इस्राएलीहरूलाई परमेश्वरको आराधना गर्न र बलिदान चढाउन तिनीहरूलाई तीन दिनको बाटो जान दिनुहोस् ।
हा..इस्राएलका परमेश्वर ? हा.हा..हा.हा.. म तिमीहरूका परमेश्वर चिन्दिनँ । मैले आज्ञा मान्नुपर्ने यो कुन परमेश्वर हो ? कस्तो वाहियात कुरा । मेरा दासहरूलाई तीन दिनको यात्रामा उजाडस्थानमा म कदापि पठाउनेछैनँ
तिमीहरूले मेरा मानिसहरूलाई भड्काउँदैछौ र तिनीहरूलाई काम नगराउन उक्साएको कुरा मैले सुनेको छु । अनि अब तिनीहरू मैले नचिनेको परमेश्वरलाई आराधना गर्न तीन दिनको बाटो जाने ? तिनीहरूलाई अब म अझ काम थपिदिनेछु ।
अबदेखि ईँटा बनाउन तिनीहरूले आफै पराल खोज्नुपर्नेछ । मेरो सामुदेखि दूर होओ, जहाँबाट आएका हौ, त्यहीँ फर्किजाओ ।

प्रस्थान ५:१-७




प्रस्थान ५:१०-२३, ६:६-११


भट्टै
आऊ र लौरोलाई सर्पमा
बदल्ने त्यो जादू देखाइ हाल
त ।
सर्पहरूका हाम्रा
परमेश्वर नेर्सटले तिमीहरूलाई
अझै धेरै ईंटाहरू बनाउनु भन्नुभएको
छ । ....हा....हा..
मोशा, अब
हामीले के गर्ने ? हामी त
मूर्खहरू जस्तै देखिएका
छौं ।


हेर त ! उसको सर्प हाम्रो सर्पसित जुध्न खोजिरहेछ ।
उसको सर्पले हाम्रो एउटा सर्पलाई निल्दै पो, छ त !
हाम्रो सर्पलाई पूरै निलिसक्यो !
हाम्रो अर्को सर्पलाई पनि निल्छ होला त ? हाम्रो सर्पका ईश्वर नेसर्ट रिसाउनेछ ।
मलाई त यो पत्याउनै गाह्रो भो ! त्यसको सर्पले हाम्रो सबै सर्पलाई निलिसक्यो ।
यो कसरी हुनसक्यो ?
परमप्रभु सृष्टि गर्नुहुने परमेश्वर हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, "मेरा प्रजालाई जान देऊ" ।










प्रस्थान ७:१५-२१ख


नदी रगतमा परिणत भयो, माछाहरू मरे र नदी गन्हाउन थाल्यो ।
तर परमेश्‍वरको गर्नुभएको यति ठूलो आश्‍चर्यजनक कर्मले पनि फारोह विश्‍वस्त भएनन् ।


प्रस्थान ७:१४–१९




प्रस्थान ७:२१-२५, ८:६


मेरा घरभरि भ्यागुताहरू छन् ।
पूरा मिश्र नै भ्यागुताहरूले भरिएको छ । ईश्वरहरू रिसाएका छन् ।
तिम्रा पूजाहारीहरू कहाँ छन् ? के तिनीहरूले केही गर्न सक्तैनन् ?
ईईईई !
फारो, हेर्नुहोस्, हामीले पनि भ्यागुताहरू उत्पन्न गर्न सक्छौँ ।
तिनीहरूले किन भ्यागुताहरू बोलाउँदैछन् ? मोशाले बोलाएका भ्यागुताहरू के अपुग थियो र ? फारोले थप्दै मात्रै छन् ।
तपाईं किन तिनीहरूलाई उजाडस्थानमै जान दिनुहुन्न ? हामी यो अब धेरै सहन सक्तैनौँ ।
मोशालाई बोलाइपठाऊ । मैले कुरा गर्न खोजेको छु भनी उसलाई भन ।
हुन्छ मालिक ।
यी भ्यागुताहरू लैजान परमप्रभुलाई भन । यदि उहाँले त्यसो गर्नुभयो भने म तिम्रा मानिसहरूलाई बलिदान चढाउनको निम्ति जान दिनेछु ।
कुन समयदेखि भ्यागुताहरू मरेको तिमी चाहान्छौ, मलाई भन र त्यस्तै हुनेछ ।
भोलि बिहान ।
तिम्रो वचनअनुसार नै हुनेछ ता कि परमप्रभुबाहेक कोही परमेश्वर छैन भनी सबैले जान्न सकून् ।


उसले भनेकै समयमा भ्यागुताहरू मरेको जब फारोले देखे, उसले आफ्नो हृदय कठोर पार्‍यो र इस्राएलीहरूलाई जान दिएनन् ।
हाम्रो पूरै देशभरि भ्यागुताहरूले भरिदिने यो कस्तो खालको ईश्वर होला ?
यो ईश्वरले नै गरेको हो भनी किन तिमीहरू सोच्छौ ? यो एउटा प्राकृतिक घटना मात्रै पनि त हुनसक्छ ।
त्यसो भए यो हुनेछ भनी मोशाले कसरी अघि नै भन्नसक्थ्यो र ? अनि तिनीहरू मर्ने ठीक समय उसलाई कसरी थाहा भयो नि ?
भयो, चूप लाग र छिटो खन, नत्र हामीले काम कहिल्यै सिध्याउन सक्नेछैनौं ।
र परमप्रभुले मोशालाई भन्नुभयो, "हारुनलाई भन कि त्यसले आफ्नो लौरो पसारेर जमिनको धूलोलाई हिर्काओस् र त्यो मिश्रभरि जूम्रा बनोस्"
र मिश्रको सबै धूलो जुम्रामा परिणत भयो ।
ईईईई.....
जुम्रा बनाउन सक्तैनौं रे ? मानिसहरूले हाम्रो ईश्वरभन्दा तिनीहरूको ईश्वर नै शक्तिशाली छन् भनी सोच्ने छन् ! के तिमीहरूले गर्न सक्ने पनि चटक मात्रै हो त ?
तर हजुर, यो त पक्कै परमेश्वरको काम हो । यी दुईले गरेको जस्तो त कसैले गर्न सक्तैनन् । हामी शक्तिहीन छौं ।
यसको केही प्राकृतिक व्याख्या त होला तर अहिले हामीलाई सहन गाह्रो भएको छ । मोशालाई खबर पठाऊ । यदि उसको ईश्वरले जुम्राहरू हटाइदियो भने म इस्राएलीहरूलाई तिनीहरूका परमेश्वरको सेवा गर्न पठाउनेछु ।



जुम्राहरू त गए तर म दासहरूलाई जान दिन सक्तिन । उसको ईश्वरले अरू बढी के चाहिँ गर्न सक्ला त ?
परमेश्वरले मोशालाई भन्नुभएको छ । परमेश्वर भन्नुहुन्छ, “म मिश्रभरि डाँसहरूको हुलैहुल पठाउनेछु । तिम्रा घरहरू डाँसहरूले भरिनेछन् तर यो समय मिश्रीहरू र हिब्रूहरूको बीचमा भिन्नता गर्नेछु” ।
मेरा मानिसहरूका बीचमा कुनै डाँस हुनेछैन । यसद्वारा नै हरेक मानिसले जान्नेछन् कि म सारा पृथ्वीको परमेश्वर हुँ ।
बुबा, हाम्रा पूजाहारीहरूले किन यस मानिसलाई रोक्न सक्तैनन् ? तिनीहरूको शक्ति कहाँ छ ?
मलाई धर्मको बारेमा केही थाहा छैन । म अरूको काममा हात हाल्दिन ।
यो त उसले भनेकै जस्तो भयो, इस्राएलीहरूका बीचमा कुनै डाँसहरू छैनन् ! यो ईश्वरकै काम हुनुपर्छ ।
मोशालाई बोलाऊ ।
तिमीहरू बलिदान चढाउन जान त जाऊ तर मिश्र देश चाहिँ नछोड ।
हामी कम्तीमा तीन दिनको यात्रामा जानुपर्छ ।
मैले भनेँ नि, जान त जाऊ तर धेरै टाढा नजाऊ । यी गन्हाउने डाँसहरू हटाउन तिम्रो परमेश्वरसित कुरा गर ।
मिश्रभरि एउटै पनि डाँस बाँकी छैन । यो त, आश्चर्यकर्म नै भयो ।
चूप् लाग । तिमीले पनि त्यो भक्भकेलाई विश्वास गर्न थाल्यौ कि क्या हो ।
फेरि फारोले आफ्नो हृदय कठोर पारे र इस्राएलीहरूलाई जान दिएनन् ।




होइन, के भएको यो । हाम्रा गाईवस्तु हिजोसम्म ठीकै थिए त !
यो मोशाकै दुःख दिने काम हो ।
उसको कारणले फारोको दरबारमा अनौठा घटनाहरू घटिरहेका छन् भनी मैले सुनेको छु ।


परमेश्वरले मिश्रमा अर्को विपत्ति पठाउनुभयो। तिनीहरूका गाई, भेंडा, गोरू, घोडा र ऊँटहरूमाथि भयानक महामारी आइपऱ्यो र तिनीहरू सबै मरे। तर, इस्राएलीहरूका गाईवस्तुहरूलाई केही भएन।
हाम्रा सबै गाईवस्तुहरू मरे र तिमीहरूका चाहिँ स्वस्थै छन्। यसलाई के भन्ने ?
मोशा भन्छन् कि हाम्रा पिताहरूका परमेश्वर हामीलाई निर्दयी बन्धनबाट छुटकारा दिन आउनुभएको हो। म त एउटा साधारण मान्छे हुँ, मलाई यस्ता कुराहरू केही थाहा छैन।
हाम्रा पूजाहारीहरूले हाम्रा ईश्वरहरूलाई बलिदान चढाइरहेका छन्। हाम्रो पवित्र साँढे अब रिसाउनेछन् र यसलाई रोक्नेछन्।
फारोलाई भन कि धेरै ढिलो भइसकेको छ। हाम्रा सबै पवित्र साँढेहरू मरिसकेका छन्। इस्राएलीहरूका परमेश्वरदेखि हाम्रा ईश्वरहरूले आफैलाई बचाउन सकेनन् भनी जब मानिसहरूले थाहा पाउनेछन्, तब उनीहरू हाम्रा ईश्वरहरूदेखि रिसाउनेछन्।
मिश्रीहरूका ईश्वरहरू खै कहाँ छन् ? के तिनीहरूसित शक्ति छैन ?
तर, फारोले आफ्नो हृदय कठोर पारे।

प्रस्थान ९:६–७


मोशा र उनको अदृश्य परमेश्वरले मानिसहरूलाई धोका दिइरहेको छ ।
हामी नै यस पृथ्वीको शक्तिशाली राष्ट्र हौं ।
र म ईश्वर हुँ, पृथ्वीको सबैभन्दा शक्तिशाली शासक !
केही गाईवस्तुहरूको घाटा हामी व्यहोर्न सक्छौं । नयाँ गाईवस्तुहरू फेरि ब्याइनेछन् ।


परमप्रभु, तपाईं स्वर्गको सिंहासनमा विराजमान हुनुहुन्छ र सारा पृथ्वीमाथि राज्य गर्नुहुन्छ ।
सारा मिश्रलाई तपाईं सर्वोच्च हुनुहुन्छ भनी प्रकट गरि नै रहनुहोस् र सबै मानिसहरूले अन्त्यमा आफैलाई तपाईंको इच्छाको अधीनमा सुम्पनेछन् र तपाईंको महान् नाउँलाई स्वीकार गर्नेछन् ।
तपाईंको इच्छा पूरा गर्न हामीले अरु के गर्नुपर्छ ?
भट्टीबाट मुठीभरि खरानी ल्याओ ...

प्रस्थान ९:७-८


.....र मोशाले त्यो फारोकै आँखाको सामु आकाशतिर छरिदेओस् ।



यो पीडा असहनीय छ । हिब्रूहरूका ईश्वरलाई सराप ।
फारो, अब होशमा आउनुहोस् र यी श्रापित मानिसहरूलाई देश छोड्न दिनुहोस् ।
त्यो मिश्रदेश भरि सानो सानो धूलो बन्नेछ र सारा मानिस र पशुका शरीरमा पोल्ने खटिराहरू बन्नेछन् ।
जादू देखाउन म आज फारोको सामु देखा पर्न सक्तिनँ । यी खटिराहरूको कारणले म उभिन पनि सक्तिनँ ।
यी खटिराहरू लिएर फारोले उनको सामु मलाई जान पनि दिनेछैनन् ।
मिश्रका सबै मानिसहरूमाथि आएको खटिराहरूको कारणले गर्दा फारोका जादूगरहरू फारोको सामु उभिन सकेनन् ।
आफ्ना मानिसहरूमाथि आइपरेको असाध्यै कष्टहरूको बावजूद पनि फारोको हृदय परिवर्तन भएन ।
प्रस्थान ९:८-१२


बिहान चाँडै उठेर फारोको सामु देखा पर् र उसलाई भन्....


परमेश्वर भन्नुहुन्छ, “मेरा मानिसहरूलाई जान देऊ ताकि उनीहरू गएर मेरो सेवा गरून्” ।
यसपल्ट चाहिँ म पूरा शक्तिमा मेरा विपत्तिहरू पठाउनेछु ताकि सारा पृथ्वीमा म जस्तो कोही रहेनछ भनी तँलाई थाहा हुनेछ ।
भोलि यही समयतिर म ठूलो असिना बर्साउनेछु जुन अहिलेसम्म कहिल्यै बर्सिएको छैन ।
तिम्रा गाईवस्तु र बाहिर मैदानमा भएका सबैलाई घरभित्र ल्याऊ ।
असिना बर्सेपछि घरभित्र नल्याइएका सबै मानिस र पशुहरू मर्नेछन् ।
तँ मूर्ख होस्, यो पागल अगमवक्ताको वचन तैँले विश्वास गर्न थालिस् ?
केही मिश्रीहरूले परमप्रभुका वचनहरूको डर मानेर आफ्ना दास र गाईवस्तुहरूलाई घरभित्र छिटो छिटो हुल्न थाले ।
प्रस्थान ९:१३–२१


आज्ञा नमान्ने मिश्रीहरूले ठूलो मानवीय तथा पशुको क्षति व्यहोर्नुपर्‍यो ।
मेरो मालिकले मोशाले भनेको परमेश्वरको वचन मानेको भए राम्रो हुन्थ्यो ।


ढिलो भयो ! हामी बरबाद भयौँ !!
हे ! शक्तिशाली शेथ, आँधी र उथलपुथलका ईश्वर, हामी तपाईँसँग बिन्ती गर्छौं यी भयानक आँधीहरूलाई रोकिदिनुहोस् ।
निश्चय नै तपाईँ मोशाको अदृश्य परमेश्वरभन्दा महान् हुनुहुन्छ ।
इस्राएलका अगुवा मोशाले ठीकै भनेका हुन् । हामी भित्र सुरक्षित छौँ ।
बुबा, मलाई डर लाग्यो । यो मेघ गर्जन र असिनाले हामीलाई मार्ने त होइन ?
हामी मोशाले भनेबमोजिम नै गर्दैछौँ ।
इस्राएलका ईश्वरका सामु हाम्रो आँधीका ईश्वर शेथ केही पनि होइन रहेछ ।
कति भयानक रहेछ ।

प्रस्थान ९:२२-२६




प्रस्थान ९:२७–१०:७




प्रस्थान १०:१३–१५







प्रस्थान १०:१४–२०




*प्रस्थान १०:२२-२९, ११:४-५, १२:३-७*




प्रस्थान १२:२६-२८,३५-३६


किन तपाईंले पाठोलाई मारेर रगतलाई ढोकामा नराख्नुभएको ?
हा…त्यस्ता अन्धविश्वासलाई तिमी विश्वास गर्छौ ? ढोकाको चौकसमा राखेको अलिकति रगतले हामीलाई आउनलागेको मृत्युबाट कसरी बचाउन सक्छ ? मेरो छोरा डराएको छैन नि, छ त, जोकिम ?
छैन म त ! के म डरपोक छु र ? धर्म भनेको त कमजोर मुटुका भएका निम्ति हो ।
ढोकामा अलिकति रगत नराखेको कारण असल परमेश्वरले मानिसहरूलाई मार्दै हिँड्नुहुन्न । यो कुरा नसुनेकाहरूलाई चाहिँ के हुन्छ नि ?
बुबा, यो रात अरू रातभन्दा किन भिन्दै छ ?
किनकि आज राति उहाँलाई विश्वास नगर्ने सबै जेठालाई मार्न परमेश्वरले विध्वंशक पठाउनेहुनेछ तर रगत देख्नुभएपछि उहाँले त्यस घरलाई छोडिदिनुहुनेछ ।
हाम्रो लागि यो समयको सुरुवाती बिन्दु हुनेछ । हरेक वर्ष यही समयमा हामी निस्तार चाड मनाउनेछौं र फारोका हातदेखि परमेश्वरले हामीलाई छुटाउनुभएको कुरा सम्झना गर्नेछौं ।
बुबा, चित्कार सुन्नुहोस् त ! विध्वंशक त्यहाँ आएको हुनुपर्छ ।
नडराऊ ! हामीले परमेश्वरको आज्ञा मानेका छौं । रगत ढोकाको चौकसमा छ र हामी पाठो खाँदैछौं ।
मेरो छोरो मऱ्यो ! हे ईश्वर, केही गर । मोशालाई बोलाऊ !

प्रस्थान १२:२८




प्रस्थान १२:२९-३१




प्रस्थान १२:३१–३८, १३:२१–२२